# कृषि विभाग अन्तरगत कृषि इन्जिनियरिङ्ग निर्देशनालयवाट संचालित **सामुदायिक कृषि यान्त्रिकरण सेवा केन्द्र सम्वन्धी कार्यविधि, २०७०**

नेपाल सरकार (सचिवस्तर) को मिति २०७०।१०।६ स्वीकृत

नेपाल सरकार
कृषि विकास मन्त्रालय

# सामुदायीक कृषि यन्त्रिकरण सेवा केन्द्र सम्बन्धी कार्यविधि, २०७०

**पृष्ठभूमि :**

कृषिको व्यवसायिकरण तथा आधुनिकीकरण गर्न कृषि यान्त्रिकरणको आवश्यकता महत्वपूर्ण रहेको छ । यस स्थितिमा पूंजी अभावको कारणले व्यक्तिगत रुपमा कृषि यन्त्र उपकरणहरु खरिद गरी संचालन गर्न सक्ने अवस्थामा कृषकहरु कमै छन् । यस अवस्थामा कृषि यान्त्रिकरणमा भएका कृषि यन्त्र, औजार र उपकरणहरु भाडामा संचालन, मर्मत सम्भार गर्ने केन्द्र माग र आपूर्तिको अन्तर कम गर्न स्थापना गर्नु पर्ने देखिन्छ ।

यस्ता केन्द्रबाट साना कृषकहरुले नयां यन्त्रहरु सहुलियत दरमा भाडामा सेवा लिई वालीको उत्पादन बढाउनुको साथै उन्नत गुणस्तरयुक्त कृषि कार्यहरु समयमा नै सम्पन्न गर्न सकिन्छ । साथै हाल भईरहेको परम्परागत कृषि कार्यहरु उन्नत प्रविधीको यन्त्रहरुबाट भई कृषि यान्त्रिकरण प्रवर्द्धनमा टेवा पुग्नेछ । कृषि यन्त्र उपकरणहरु एउटै थलोबाट पाइने भएकोले साना तथा सिमान्त कृषकहरुलाई कृषि यन्त्र खरिदमा आफ्नो पूजीं लगानी गर्नु पर्दैन । यस्ता सेवा केन्दबाट कृषि यन्त्र उपकरणहरु भाडामा संचालन गर्नुको साथसाथै भविष्यमा मर्मत सम्भार, यन्त्र संचालन प्रयोग सम्बन्धि तालिम तथा प्रविधी प्रदर्शनी गर्ने कार्य समेत गरिने छ ।

**१. संक्षिप्त नाम र प्रभारम्भः** (क) यो कार्यविधिको नाम "सामुदायीक कृषि यन्त्रिकरण सेवा केन्द्र सम्बन्धी कार्यविधि, २०७०" रहेको छ ।

ख) यो कार्यविधि कृषि विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

ख) "कृषि यन्त्र उपकरण" भन्नाले कृषि कार्यमा प्रयोग हुने यन्त्र उपकरणहरुलाई जनाउंनेछ ।

ख) "कृषक" भन्नाले आफ्नो जीविकोपार्जनको लागि मुख्य पेशा कृषि अंगालेको व्यक्तिलाई सम्झनु पर्दछ ।

ग) "कृषक समूह" भन्नाले व्यवसायिक रुपमा कृषि गर्न कृषकहरु मिली सम्वन्धित निकायमा दर्ता गरी गठन गरिएको कृषकहरुको समूहलाई जनाउने छ ।

घ) "संस्था" भन्नाले सहकारी ऐन २०४८ वा संस्था दर्ता ऐन २०३४ वमोजिम कृषि पेशा व्यवसायलाई प्रवर्द्धन गर्ने उदेश्यले गठित संस्था तथा व्यवसायिक कृषिको लागि कम्पनी वा उद्योगमा दर्ता भई संचालन भएको कम्पनी तथा उद्योग समेतलाई जनाउने छ ।

ङ) "निर्देशनालय" भन्नाले कृषि इन्जिनियरिङ्ग निर्देशनालयलाई जनाउँदछ ।

**३. उदेश्य :** यस कार्यक्रमका देहाय वमोजिमको उदेश्य रहेका छन् ।

क) सेवा केन्द्रमा उपलव्ध हुने यन्त्र उपकरणहरु भाडामा संचालन गरी साना तथा सिमान्त कृषकहरुमा कृषि यान्त्रीकरण सेवा पुऱ्याउने ।

ख) कृषि यन्त्र, औजार, उपकरणहरुको मर्मत सम्भार तथा प्रविधी प्रर्दशनी गर्ने स्थानको विकास गरी युवा जनशक्तिलाई कृषिमा आकर्षण गराउने ।

ग) कृषिलाई आधुनिकरण, व्यवसायीक एवम् प्रतिस्पर्धात्मक बनाउने ।

घ) प्रति इकाई उत्पादन वृद्धि तथा उत्पादन लागत घटाउने ।

**४. बजेटको व्यवस्था:** यस कार्यक्रमको लागि बजेटको व्यवस्था देहाय वमोजिम हुनेछ ।

क) नेपाल सरकारका निकाय वा दातृ निकायबाट सामुदायीक कृषि यन्त्र, औजार र उपकरण सेवा केन्द्र विकासमा अनुदान दिने कार्यक्रमको लागि प्राप्त बजेट रकम ।

ख) नेपाल सरकार, अर्थ मन्त्रालयको बजेट वक्तव्यमा उल्लेखित कार्यक्रम समावेश गरी अनुदान दिन छुटयाईएको बजेट रकम ।

ग) कृषि विकास मन्त्रालयबाट विभिन्न निर्देशनालय र राष्ट्रिय कार्यक्रमहरुलाई उल्लेखित कार्यक्रम कार्यान्वयन गर्न छुटयाईएको बजेट रकम ।

**५. बजेटको उपयोग :** प्रत्येक विकास क्षेत्रको तराईका जिल्लाहरुमा १।१ वटा नमूना सेवा केन्द्र स्थापना गर्न स्वीकृत वार्षिक कार्यक्रम र बजेट अनुसार गरिने छ । यस्ता सेवा केन्द्र स्थापना गर्न उपलव्ध बजेटको आधारमा घटीमा ३ वर्षमा सम्पन्न गरिनेछ ।

**६. कार्यक्रम कार्यान्वयन प्रकृया:** निर्देशनालयको स्वीकृत कार्यक्रम तथा बजेट अनुसार सामुदायीक कृषि यन्त्र, औजार र उपकरण सेवा केन्द्र विकास गर्न गुरु योजना बनाई विभिन्न चरणमा देहाय बमोजिमका कार्यहरु गरिने छ ।

क) पहिलो वर्षः निर्माण सम्बन्धी कार्यहरुः समूह/संस्था छनौट, संझौता कार्यान्वयन प्रकृया, भौतिक पुर्वाधारहरुको सिमानङ्कन योजना, सहभागीता जुटाई यस निर्देशनालय र समुह विच संझौता, निर्माण कार्य प्रारम्भ गर्ने ।

ख) दोश्रो वर्षः निर्माण सम्बन्धी कार्यहरु निरन्तरता, सेवा केन्द्र स्थापना गर्न आवश्यक यन्त्र उपकरणहरु खरिद गरिनेछ । साथै वर्कशप तथा तालिम भवन निर्माण गरिनेछ ।

ग) तेश्रो वर्षः यन्त्र उपकरणहरु खरिद गर्न निरन्तरता दिनेछ । कृषि यन्त्र उपकरणहरुको सेवा भाडा दर नेपाल सरकारको नीति, नियम, कार्यविधी अनुसार तयार पारी जिल्ला दररेट निर्धारण समितिबाट स्वीकृत गराई मात्र लागु हुने व्यवस्था गरिने छ। सहुलियत भाडा दरमा सेवा उपलव्ध गराई साना तथा सिमान्त कृषकहरुमा कृषि यान्त्रिकरण सेवा पुर्‍याउनेछ । भविष्यमा कृषि यन्त्र उपकरणहरुको मर्मत सम्भार तथा प्रविधी प्रर्दशनी गर्ने स्थानको विकास गरी युवा जनशक्तिलाई कृषिमा आकर्षण गरिने छ ।

**७. समूह/संस्था छनौट :** समूह/संस्था छनौट प्रकृया देहाय वमोजिम हुनेछ ।

क) कृषि इन्जिनियरिङ्ग निर्देशनालयले सामुदायिक कृषि यन्त्र औजार र उपकरण सेवा केन्द्र स्थापना गर्न आवश्यक मापदण्ड अनुसुचि–१ अनुसार छनौट गर्न सम्वन्धी क्षेत्रीय कृषि निर्देशनालयलाई अनुरोध गर्नेछ ।

ख) निर्देशनालयले जारी गरेको मापदण्ड बमोजिमको माग फाराम अनुसुची–२ अनुसार संस्थाले जिल्ला कृषि विकास कार्यालयमा निवेदन दिनु पर्नेछ ।

ग) निबेदन साथ जिल्ला कृषि विकास कार्यालयको सिफारीस सहित सम्वन्धित क्षेत्रीय कृषि निर्देशनालयमा पठाउनेछ । क्षेत्रगत र जिल्लागत रुपमा समानुपातिक रुपमा हुने गरी संस्थाको छनौट गर्नु पर्नेछ ।

घ) क्षेत्रीय कृषि निर्देशनालयले यस निर्देशनालयको मापदण्ड अनुरुप प्राथमिकताको आधारमा तीन वटा समुहको सिफारिस गर्नु पर्नेछ ।

ङ) क्षेत्रीय कृषि निर्देशनालयबाट सिफारीस भएका समुहहरुको यस निर्देशनालयको कृषि यान्त्रिकरण शाखाले प्रारम्भिक सर्भेक्षण गरी सिफारीसको आधारमा तुलानात्मक अध्ययन गरी सर्वोत्कृष्ट एक समुहलाई कार्यक्रम संचालन गर्न सिफारीस गर्नुपर्नेछ ।

**८. सम्झौता कार्यान्वयन प्रकृया:** कार्यक्रमको सम्झौता कार्यान्वयन प्रकृया देहाय वमोजिम हुनेछ ।

क) छनौट भएका संस्थाले उपलब्ध गराईएको जग्गा निर्देशनालयका प्राविधिकबाट प्रारम्भिक सर्भेक्षण गरी सो को सिफारीसको आधारमा तुलानात्मक अध्ययन गरी उपयुक्त संस्थाको स्थलगत विस्तृत सर्भेक्षण गरीनेछ ।

ख) दफा ७ अनुसार सिफारीस भएको संस्थाको जग्गाको बनोट अनुसार सामुदायीक कृषि यन्त्रिकरण सेवा केन्द्रलाई चाहिने न्यूनतम क्षमताका भौतिक पुर्वाधारहरुको सिमानङ्कन योजना (Layout Plan) तयार गर्नु पर्नेछ ।

ग) Layout Plan निर्देशनालय र छनौट भएका संस्था बीच सहमतिमा हुनु पर्ने छ ।

घ) चालु आर्थिक बर्षको स्वीकृत कार्यक्रम तथा बजेट अनुसार भौतिक पुर्वाधारहरुको लागत इष्टिमेट निर्देशनालयबाट तयार गरीनेछ ।

ङ) छनौट भएका संस्थाले लागत इष्टिमेटको कम्तिमा पन्ध्र प्रतिशत नगद रकम कार्यक्रम सम्झौता हुन अगावै निर्देशनालयको धरौटी खातामा जम्मा गर्नु पर्नेछ । जम्मा भएको भौचर सकलै निर्देशनालयमा पेश गर्नु पर्ने छ ।

च) दफा ८ (ङ) अनुसार सहभागीता जुटाई सकेपछि निर्देशनालय र संस्था विच सम्झौता हुनेछ ।

**९) अनुगमन तथा निरिक्षण प्रकृया :** कार्यक्रमको अनुगमनको व्यवस्था देहाय वमोजिम हुने छ ।

क) सम्झौता गरेको पन्ध्र दिन भित्र संस्थाले निर्माण सामाग्रीहरु निर्माण स्थलमा तयार गर्नुपर्नेछ ।

ख) निर्माण सामग्रीहरु तयार भएको सात दिन भित्र निर्देशनालयको प्राविधिकबाट Layout Plan गरिसकेपछि पेश्की रकम माग भएमा सम्बन्धित प्राविधिकको सिफारीसको आधारमा प्रचलीत कानून अनुसार पेश्की उपलब्ध गराई कार्य संचालन गर्नु पर्नेछ ।

ग) निर्माण कार्य संस्थाले कुनै पनि ठेकदारलाई नदिई आफ्नो रोहवरमा गराउनुपर्ने छ । कामदारहरु सम्भव भए सम्म संस्था भित्र आवद्ध भएको वा प्रवाहित क्षेत्र भित्र पर्ने हुनु पर्नेछ ।

घ) निर्माण कार्य सुचारु संचालनको लागी संस्थाले निर्माण समिति गठन गर्नु पर्ने र साथै सम्भव भए सम्म कम्तिमा प्राविधिक शिक्षालयबाट तालीम प्राप्त सव ओभरसियर वा दश कक्षा उर्तिण गरी निर्माण कार्यमा कम्तिमा तीन वर्ष को कार्य अनुभव भएको सुपरभाइजर राख्नु पर्नेछ । सो को आर्थिक दायित्व संस्थाले ब्योहोर्नु पर्नेछ ।

ङ) निर्माण कार्यको नियमित अनुगमन निर्देशनालय र सम्बन्धीत क्षेत्रीय कृषि निर्देशनालयका इन्जिनियरीङ्ग प्राविधिकबाट हुनेछ ।

च) निर्माण कार्यको भुक्तानी, कामको प्रगति र संझौता अनुसार गरिनेछ ।

छ) निर्माण कार्य सम्पन्न भए पछि सार्वजनिक लेखा परिक्षण सम्भव भएसम्म निर्देशनालयको प्राविधिक वा लेखाको रोहवरमा हुनु पर्नेछ साथै सो को प्रतिबेदन क्षेत्रीय कृषि निर्देशनालय, जिल्ला कृषि विकास कार्यालय र निर्देशनालयलाई अनिवार्य रुपमा गर्नु पर्नेछ ।

ज) पहिलो र दोश्रो आ.व.मा सम्पन्न गरिएका संरचनाहरु संस्थालाई हस्तान्तरण गरिनेछ ।

झ) दोश्रो र तेश्रो आ.व.मा संस्थालाई आवश्यक कृषि यन्त्र उपकरणहरु खरिद गरिनेछ ।

ट) संस्थाले आफ्नो बार्षिक प्रगति प्रतिवेदन, लेखा परिक्षण प्रतिबेदन तथा सहुलियत भाडां दर बार्षिक रुपमा निर्देशनालय, क्षेत्रीय कृषि निर्देशनालय र जिल्ला कृषि विकास कार्यालयलाई उपलब्ध गर्नु पर्नेछ ।

ठ) संचालन कार्यक्रमहरुको केन्द्रियस्तरबाट नियमित अनुगमन तथा मुल्याङ्कनको कार्य मन्त्रालय, कृषि विभाग, सम्वन्धित निर्देशनालय वा कार्यक्रमबाट हुनेछ ।

ड) संचालन कार्यक्रमहरुको जिल्लास्तरमा नियमित अनुगमन तथा मुल्याङ्कनको कार्य सम्वन्धित जिल्ला कृषि विकास कार्यालय र यस अन्तर्गतका सेवा केन्द्रबाट हुनेछ ।

**<u>१०. विविध :</u>**

क) कृषि यन्त्र उपकरणहरु अनुदानमा खरिद गर्न नेपाल सरकारको नीति, नियम, कार्यविधी अनुसार साझेदारी सहभागीताको लागि संस्थाले कम्तिमा पच्चिस देखि पचहत्तर प्रतिशत मा संस्थाले लगानी गर्नु पर्नेछ ।

ख) निर्माण कार्य तथा यन्त्र उपकरणहरु खरिद सबै चरण पुरा भए पश्चात संस्था, जिल्ला कृषि विकास कार्यालय र क्षेत्रीय कृषि निर्देशनालयको समन्वयमा कार्य संचालन विधि तयार गरी संस्थालाई आवश्यक संचालन सम्बन्धी तालीम दिई कार्य संचालन गर्नु पर्नेछ ।

ग) सामुदायिक कृषि यान्त्रिकरण सेवा केन्द्रले सहुलियत भाडा दरमा सेवा उपलब्ध गराउनु पर्ने छ । र सो को प्रतिवेदन प्रत्येक आ.व. मा सम्बन्धीत कार्यालयमा पठाउनु पर्नेछ ।

घ) संस्थाले गर्नु पर्ने हरेक पत्राचारसंग संस्थाको बैठकको निर्णय प्रतिलिपि संलग्न हुनु पर्नेछ ।

ङ) संस्थाले उक्त सेवा केन्द्रमा अनिवार्य रुपमा निर्देशनालयको सहकार्यमा कार्यक्रम संचालन भएको दर्शाउने साईन बोंड लगाउनु पर्नेछ ।

**<u>११. संशोधन वा खारेजी :</u>** अनुगमन तथा मुल्याङ्कन र अनुभबको आधारमा यस कार्यबिधिमा आवश्यकता अनुसार पुनरावलोकन गरी कृषि ईन्जिनियरिङ्ग निर्देशनालयको सिफारीसमा कृषि विकास मन्त्रालयले संशोधन वा खारेज गर्न सक्ने छ ।

# अनुसुची १

## आबश्यक मापदण्ड

- यस साझेदारीबाट संचालन गरिने सामुदायीक कृषि यन्त्र, औजार र उपकरण सेवा केन्द्रको स्थापना गर्न कम्तीमा ३(तिन) आ.ब.मा सम्पन्न हुन सक्ने भएकोले संस्था तत्पर हुने प्रतिबद्धता जनाउनु पर्नेछ । साथै सम्बन्धित जिल्ला कृषि विकास कार्यालय पनि प्रत्यक्ष सहभागीता हुने प्रतिबद्धता हुनु पर्ने ।
- कम्तिमा ३ बर्ष अगाडी देखि दर्ता भै कृषि कार्यक्रम वा कृषि यन्त्र उपकरण कार्यमा संलग्न रहेको संस्था हुनु पर्ने ।
- कम्तिमा ५ कठ्ठा जमिनको स्वामित्व समुह/संस्थाको नाममा रहेको वा उपलब्ध गराउन प्रतिबद्धता हुनु पर्नेछ ।
- सडक, विद्युत र खानेपानीको सुलभ पहुंच भएको हुनु पर्ने छ ।
- निर्माण कार्यमा साझेदारीको लागि समुहको कम्तिमा १५% प्रतिशत नगद निर्देशनालयको धरौटी खातामा जम्मा गरी सम्झौता गरी कार्य संचालन गर्नु पर्ने ।
- कृषि यन्त्र उपकरणहरु खरिद तथा वर्कशप सम्बन्धी यन्त्र औजारहरु नेपाल सरकारको नीति, नियम, कार्यविधी बमोजिम साझेदारीको लागि संस्थाले कम्तिमा पच्चिस देखि पचहत्तर प्रतिशत नगद निर्देशनालयको धरौटी खातामा जम्मा गरी सम्झौता गरी कार्य संचालन गर्नु पर्ने ।

# अनुसुची –२

**नेपाल सरकार**
**कृषि विकास मन्त्रालय**
**कृषि विभाग**
**कृषि इन्जिनियरिङ्ग निर्देशनालय**

## सामुदायीक कृषि यन्त्रिकरण सेवा केन्द संचालनको लागी आवेदन फाराम

१. संस्थाको विवरण

| | |
|---|---|
| संस्थाको नाम | |
| ठेगाना | |
| संस्था दर्ता नं. | |
| संस्था दर्ता मिति | |
| संस्था दर्ता निकाय | |
| संस्था संचालन भएको मिति | |

२. संस्थाको सदस्य विवरण

| विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| साधारण सदस्य | | | |
| संस्थापक सदस्य | | | |
| कुल जम्मा | | | |

३. स्वीकृत कार्य क्षेत्र

| सि.नं. | जिल्ला/न.पा./गा.वि.स. | वडा नं.हरु |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

४. संचालक/कार्य समितिको विवरण

| सि.नं. | पद | नाम | ठेगाना | उमेर | सम्पर्क नं. | मेशिनरी कार्यमा अनुभव | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |

५. संस्थाको पूंजी संरचना

| पूंजीगत संरचना | रुपैया | प्रतिशत |
|---|---|---|
| चुक्ता पूंजीः (क) संस्थापकहरुको | | |
| (ख) साधारण सदस्यहरुको | | |

| जम्मा | | |
|---|---|---|

६. संस्थाको वित्तिय विवरण

| शीर्षक | ०६७/६८ | ०६८/६९ | ०६९/७० | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| शेयर पूंजी | | | | |
| जगेडा कोष | | | | |
| जोखिम कोष | | | | |
| अन्य कोष | | | | |
| निक्षेप | | | | |
| कर्जा लगानी | | | | |
| खुद नाफा (कर अघि) | | | | |
| खुद नाफा (कर पछि) | | | | |

७. उपलब्ध गर्ने जग्गाको विवरण

क) पाखो - Up Land । खेत Low Land...................................................

ख) क्षेत्रफल

न्युनतम ५ कठ्ठा        अधिकतम ......................बिघा.............तराई क्षेत्रको लागि

ग) संस्थाको स्वमित्व छ । छैन ............

छ भने लम्बाई..........फी. चौडाई............फी.        छैन भने उपलब्ध गराउने छ भन्ने संस्थाको निर्णय सहितको प्रतिबद्धता पत्र संलग्न गर्नु पर्ने ।

घ) सडक छ । छैन.............

छ भने सदरमुकाम देखि कालो पत्रेको लम्बाई ................कि.मी.

कच्चा बाटोको लम्बाई.............कि.मी.

छैन भने सडकको संभावना विवरण..........................................................................

.......................................................................................................................

ड) विद्युतको क्षमता  न्युनतम ३ फेज आबश्यक पर्ने भएकोले सो संगको ............कि.मि. दुरी

छैन भने आबश्यक संभावना विवरण ......................................................................

........................................................................................................................

अन्य आबश्यक विवरणहरु उल्लेख गर्नु पर्ने भए.........................................................

........................................................................................................

८. स्थानिय स्तरमा भएको यन्त्र विक्रीकर्ताको विवरण /संख्या.............................................

...............................................................................................................................

९. हाल संस्थामा भएको यन्त्र उपकरणहरुको विवरण........................................................

..........................................................................................................................................

१०. समुह/संस्थाको सदस्यहरु कृषि यन्त्र उपकरणहरुसंग परिचित भएको / नभएको

...........................................................................................................................

११. हाल समुह/संस्थाको सदस्यहरुले कृषि कार्यमा कृषि यन्त्रको प्रयोग गरेको / नगरेको............

गरेको भए के के छन..........................................................................

१२. समुहको आवश्यकता (भौतिक पुर्वाधार तथा मेशिनरी औजार)को विवरण

क. मेशिनरी सेड (ठुलो यन्त्रको लागि)................................

ख. मेशिनरी सेड (साना यन्त्रको लागि)................................

ग. वर्कशप तथा तालिम भवन (१ वटा)..............................

ध. कम्पाउण्ड वाल (१ वटा)..........................................

अन्य कृषि यन्त्र उपकरण........................................

## संलग्न गर्नु पर्ने कागज पत्रहरु

१. संस्था दर्ताको नविकरण सहितको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

२. कारोवार विवरणको प्रमाणित प्रतिलिपि (पछिल्लो ३ वर्षको लेखा परिक्षण प्रतिवेदन)

३. संस्थाको PAN / VAT प्रमाण पत्रको प्रतिलिपि

४. गत आर्थिक बर्ष सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

५. संस्थाको निर्णय प्रतिलिपि

उपर्युक्त बमोजिमको विवरणहरु जाने बुझे सम्म सहि छ यदि झुटो ठहरीएमा निवेदन स्वत खारेज भई ऐन कानुन बमोजीम सहुला बुझुला ।

| | |
|---|---|
| साक्षी | निवेदक |
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| पद | पद |
| समुहको छाप | |